| क्र.सं. | नियमावलीको नाम नियम र उपनियम | विद्यमान व्यवस्था | प्रस्तावित वा हुनुपर्ने संशोधन | कारणहरु |
|---|---|---|---|---|
| **क) योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५** | | | | |
| १ | नियम ८ (२) | नियम ८ मा भएको व्यवस्थालाई उपनियम (१) बनाई उपनियम (२) थप गर्ने। | (२) उपनियम (१) बमोजिमको व्यवस्थाले सामाजिक सुरक्षा योजनाबाट सुविधा बापतको रकम कार्यकारी निर्देशकले तोकेको अधिकृत कर्मचारीबाट भुक्तानी गर्न बाधा पर्ने छैन। | कोषवाट सुविधा वापतको रकम सहज रुपमा भुक्तानीका लागि नियमावलिमा थप स्पष्ट गर्न। |
| २ | नियम १२ (१) | रोजगारदाता र श्रमिकबीच रोजगार सम्बन्ध समाप्त भईसकेको तर ऐन वा यस नियमावली बमोजिम जम्मा गर्नुपर्ने योगदान रकम जम्मा नगरेको कारणले श्रमिकले पाउनु पर्ने सुविधा पाएको रहेनछ भने निजले पाउने सुविधा तीन महिनाभित्र भुक्तानी दिई योगदान रकम जम्मा गर्न कोषले सम्बन्धित रोजगारदातालाई आदेश दिन सक्नेछ। | रोजगारदाता र श्रमिकबीच रोजगार सम्बन्ध समाप्त भईसकेको वा रोजगारीमै रहेको अबस्थामा ऐन वा यस नियमावली बमोजिम सुचिकृत गर्नुपर्ने श्रमिकलाई सूचिकृत नगरेको वा सूचिकृत गरेर जम्मा गर्नुपर्ने योगदान रकम समयमै जम्मा नगरेको कारणले श्रमिकले पाउनुपर्ने सुविधा पाएको रहेनछ भने निजले पाउने सुविधा तीन महिनाभित्र भुक्तानी दिन र बाँकी योगदान रकम जम्मा गर्न कार्यकारी निर्देशकले सम्बन्धित रोजगारदातालाई आदेश दिन सक्नेछ। | कोषले दिने आदेशका सन्दर्भमा थप स्पष्ट गर्न। |
| ३ | नियम ९क र ९ख | थप गर्ने | **<u>९क) नेपालवाट विदेशमा गई काम गर्ने श्रमिकहरुको सामाजिक सुरक्षा :</u>**(१) विदेशमा गई श्रम गर्ने नेपाली नागरिकहरु ऐनको दफा १० बमोजिमका योजनाहरु मध्ये सम्वन्धित देशका सामाजिक सुरक्षा हेर्ने सस्थाहरुको आपसी सम्झौता अनुसार कोषले तोके बमोजिमका योजनाहरुमा सहभागी हुन सक्नेछन ।<br>(२) उप नियम (१) बमोजिम योजनाहरुमा आवद्धता, योगदान जम्मा, सुविधा प्राप्त गर्ने आधार | नेपालबाट विदेशमा गई कार्य गर्ने नागरिकहरुलाई समेत कोषमा आवद्ध गर्न नीतिगत व्यवस्था गर्न जरुरी रहेकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | लगायत अन्य प्रकृया कोषले बनाएको कार्यविधि बमोजिम हुनेछ ।<br>**<u>(९ख) पारस्परिक सम्झौता गर्न सक्ने:</u>**<br>(१) सामाजिक सुरक्षा कोषले मन्त्रालयको सहमती लिई विभिन्न मुलुकमा रहेका सामाजिक सुरक्षा संस्था वा सामाजिक सुरक्षा विषय हेर्ने निकायसँग सम्झौता गरी पारस्परिक सामाजिक सुरक्षा आदान प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सम्झौता भएको संस्थामा आबद्ध श्रमिक नेपालमा आई काम गरेमा वा कोषमा आबद्ध भएको श्रमिक सम्बन्धित मुलुकमा गएको अवस्थामा सम्बन्धित श्रमिकले अनुरोध गरेमा निज कार्यरत रहेको स्थानवाट सामाजिक सुरक्षा सम्बन्धी सुविधा पाउने गरी कोषमा रहेको रकम हस्तान्तरण गर्न वा कोषमा अन्य संस्था वा निकायवाट रकम हस्तान्तरण गरी लिन सक्नेछ।<br>(३) यस सम्बन्धि अन्य व्यवस्था पारस्परिक सम्झौता वा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । | |
| | | | | |
| **ख) श्रम नियमावली २०७५** | | | | |
| १ | नियम २२ को १ | रोजगारदाताले योगदानमा आधारित | हटाउने | सामाजिक सुरक्षा कोष संचालनमा |

| | | | | |
|---|---|---|---|---|
| | | सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोष स्थापना भई संचालनमा नआएसम्म आफूले काममा लगाएका श्रमिकको सञ्चयकोष बापतको रकम सञ्चयकोषमा, स्वीकृत अवकाश कोषमा वा आफैंले छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ। | | आइ सकेको हुँदा हटाउन उपयुक्त हुने । |
| २ | नियम २२ को २ | उपनियम (१) बमोजिम रोजगारदाताले जम्मा गरेको रकम योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को दफा २० बमोजिम रोजगारदाता सूचीकरण भएको मितिले छ महिना भित्र एकमुष्ठ वा बढीमा तीन किस्तामा सोही ऐनको दफा २६ बमोजिम स्थापित सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्नु पर्नेछ। | हटाउने | ऐनमा नै हस्तान्तरण गर्न वा श्रमिकलाई भुक्तानी दिन वा पुर्ववत रुपमानै राख्न सक्नेगरी व्यवस्था गरी सकिएको हुँदा नियमावलीवाट हटाउन उपयुक्त हुने। |
| ३ | नियम २३ को १ | रोजगारदाताले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोष स्थापना भई संचालनमा नआएसम्म आफूले काममा लगाएका श्रमिकको उपदान बापतको रकम नागरिक लगानी कोषमा, स्वीकृत अवकाश कोषमा वा आफैंले छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ। | हटाउने | सामाजिक सुरक्षा कोष संचालनमा आइ सकेको हुँदा हटाउन उपयुक्त हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | नियम २३ को २ | उपनियम (१) बमोजिम जम्मा गरेको रकम र ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापित अवकाश कोष वा त्यस्तै अन्य कुनै कोषमा सञ्चित वा रोजगारदाताको जिम्मामा रहेको श्रमिकको उपदान बापतको रकम योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को दफा २० बमोजिम रोजगारदाता सूचिकारण भएको मितिले दुई वर्षभित्र एकमुष्ठ रुपमा वा बढीमा चार किस्तामा सोही ऐनको दफा २६ बमोजिक स्थापित सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्नु पर्नेछ। | हटाउने | ऐनमा नै हस्तान्तरण गर्न वा श्रमिकलाई भुक्तानि दिन वा पुर्ववत रुपमानै राख्न सक्ने गरी व्यवस्था गरी सकिएको हुँदा नियमावलीवाट हटाउन उपयुक्त हुने। |
| ५ | नियम २३ (३) | उपनियम (२) बमोजिम उपदानको रकम हस्तान्तरण गर्दा देहाय बमोजिम हस्तान्तरण गर्नु पर्नेछ :-<br>…………….<br>………….. | उपदानको रकम कोषमा हस्तान्तरण गर्दा देहाय बमोजिम हस्तान्तरण गर्नु पर्नेछ :-<br>…………….<br>………….. | उप नियम (२) हटाईएको हुँदा सोही बमोजिम मिलाईएको। |
| ६ | २४ | नियम २२ को उपनियम (१) वा नियम २३ को उपनियम (१) बमोजिम रोजगारदाताले छुट्टै खाता खोली जम्मा गरी राखेको सञ्चयकोष वा उपदान बापतको रकम नियम २२ को उपनियम (२) वा नियम २३ को उपनियम (२) बमोजिम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु अगावै कुनै श्रमिकको रोगगारीको अन्त्य वा मत्यु भएमा | सामाजिक सुरक्षा कोषमा आवद्ध गरी रकम जम्मा गर्नु अगावै कुनै श्रमिकको रोगगारीको अन्त्य वा मृत्यु भएमा कोषमा योगदान जम्मा गर्नु पुर्वको ऐनको दफा ५२ बमोजिमको संचयकोष र दफा ५३ बमोजिमको उपदान वापतको रकम रोजगारदाताले सम्बन्धित श्रमिक वा नियम ७४ को उपनियम (३) को खण्ड (ख) बमोजिम निजको परिवारको सदस्यलाई भुक्तानी दिन सक्नेछ। | कोषमा जम्मा गर्ने पुर्वको रकम का सम्बन्धमा नियम २२ र २३ मा भएको संशोधन अनुरुप मिलान गर्न। |

| | | | | |
|---|---|---|---|---|
| | | रोजगारदाताले त्यस्तो रकम सम्बन्धित श्रमिक वा नियम ७४ को उपनियम (३) को खण्ड (ख) बमोजिम निजको परिवारको सदस्यलाई भुक्तानी दिन सक्नेछ। | | |
| ७ | २६ को ४ | उपनियम ४ पछि प्रतिवन्धात्मक वाक्यांश थप गर्ने । | …………… …………. तर सामाजिक सुरक्षा कोषका योगदानकर्ताहरुका हकमा कोषको कार्यविधि बमोजिम भुक्तानि हुनेछ। | कोषको कार्यविधि बमोजिम असक्षमता वापतको भुक्तानी गर्न बाधा नपर्ने विषयलाई स्पष्ट गर्न। |
| ८ | ३२ को १ खण्ड घ | थप गर्ने | घ) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन तथा नियमावलीको पालना नगरेमा । | सामाजिक सुरक्षा ऐन र नियमावलीको पालनालाई थप प्रभावकारी बनाउन। |
| ९ | ५० को १ | कुनै श्रमिक कामको सिलसिलामा दुर्घटनामा परेमा, दुर्घटनाको कारणबाट चोटपटक लागेमा वा मृत्यु भएमा सोको सूचना रोजगारदाता वा निजको प्रतिनिधिले सात दिनभित्र कार्यालयलाई दिनु पर्नेछ। | कुनै श्रमिक कामको सिलसिलामा दुर्घटनामा परेमा, दुर्घटनाको कारणबाट चोटपटक लागेमा वा मृत्यु भएमा सोको सूचना रोजगारदाता वा निजको प्रतिनिधिले सात दिनभित्र कार्यालयलाई र सामाजिक सुरक्षा कोषलाई दिनु पर्नेछ। | दुर्घटना वापतको औषधि उपचार सुविधा कोषले भुक्तानी गर्ने हुँदा कोषलाई समेत जानकारी दिन जरुरी रहेकोले। |
| १० | ५६ को ४ | प्रतिष्ठानले ऐन तथा यस नियमावली बमोजिम गरेको श्रम अडिट प्रतिवेदनको प्रति श्रम सम्बन्ध समिति र प्रतिष्ठानसँग सम्बन्धित देहाय बमोजिमको नियामक निकायलाई समेत दिनु पर्नेछ। ………………………… ………………………. | प्रतिष्ठानले ऐन तथा यस नियमावली बमोजिम गरेको श्रम अडिट प्रतिवेदनको प्रति श्रम सम्बन्ध समिति, सामाजिक सुरक्षा कोष र प्रतिष्ठानसँग सम्बन्धित देहाय बमोजिमको नियामक निकायलाई समेत दिनु पर्नेछ। …………………… ……………… | श्रम अडिटको प्रतिवेदन १ प्रति कोषमा बुझाउने व्यवस्था गरी कोषमा आवद्धतालाई थप प्रभावकारी बनाउन। |
| ११ | ५६ (५) | थप गर्ने | उपनियम (४) बमोजिमका निकायहरुलाई बुझाउने श्रम अडिटको प्रतिवेदन Online माध्यमवाट समेत | प्रविधिमैत्री सेवा प्रवाहलाई समेत जोड दिन। |

| | | | | |
|---|---|---|---|---|
| | | | बुझाउन सकिने छ। | |
| १२ | अनुसुची १० | श्रम अडिट प्रतिवेदनमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ मा बुँदा नं. २ पछि बुँदा नं. ३,४,५ र ६ थप गर्ने। | ३ कोषमा आवद्ध श्रमिकको संख्या<br>४ कोषमा आवद्ध गर्न बाँकी श्रमिकको संख्या<br>५ नियमित योगदान गर्ने श्रमिकको संख्या<br>६ कुल योगदान रकम | सामाजिक सुरक्षामा आवद्धतालाई थप प्रभावकारी बनाउन श्रम अडिटको प्रतिवेदनमा कोषमा आवद्द गरेको श्रमिकको संख्या, नियमित योगदानको अवस्था र जम्मा योगदान रकम समेत थप गर्न आवश्यक रहेकोले। |
| **ग) बोनस नियमावली, २०३९** | | | | |
| १ | १० (७) | थप गर्ने | यस दफामा जुनसुकै कुरा लेखिएको भए पनि श्रम मन्त्रालयले निर्णय गरी राजपत्रमा सुचना प्रकाशन गरेको मितिवाट समिति बिघटन भएको मानिने छ। यसरी समितिको बिघटन पश्चात राष्ट्रिय स्तरको कल्याणकारी कोषले गर्ने अधिकार, सम्पत्ति र दायित्व सामाजिक सुरक्षा कोषमा हस्तान्तरण हुनेछ। | ऐनमा सामाजिक सुरक्षा कोषमा नै रकम जम्मा हुने व्यवस्था गरेको हुँदा सोही बमोजिम समिति बिघटन गरी दायित्व कोषमा हस्तान्तरण गर्न जरुरी रहेकोले। |
| २ | १०क | समितिको बैठक सम्बन्धी कार्यविधि | हटाईएको | ऐनमा सामाजिक सुरक्षा कोषमा रकम जम्मा हुने र समिति बिघटन हुने परिकल्पना गरिएको हुँदा आवश्यक नरहेको। |
| ३ | १०ख | समितिको सचिवालय | हटाईएको | ऐनमा सामाजिक सुरक्षा कोषमा रकम जम्मा हुने र समिति बिघटन हुने परिकल्पना गरिएको हुँदा आवश्यक नरहेको। |
| ४ | ११ | कल्याणकारी कोषको संचालन | हटाईएको | ऐनमा सामाजिक सुरक्षा कोषमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | रकम जम्मा हुने उल्लेख रहेको र कोषको संचालन योगदानमा आधारित सामाजिक सुरक्षा ऐन बमोजिम हुने हुँदा हटाईएको। |
| ५ | १२क | प्रतिष्ठानले बोनस वितरण गरेको एक महिना भित्र ऐनको दफा १३ बमोजिमको तीस प्रतिशत रकम कल्याणकारी कोषमा जम्मा गर्नु पर्नेछ। | प्रतिष्ठानले बोनस वितरण गरेको एक महिना भित्र ऐनको दफा १३ बमोजिमको रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ। | ऐन बमोजिमको रकम कल्याणकारी कोषको सट्टा सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था गर्न। |
| ६ | १३ | कल्याणकारी कोषको उपयोग | हटाईएको | योगदानमा आधारित सामाजिक सुरक्षा ऐन बमोजिम उपयोग गर्ने व्यवस्था भएकोले। |
| ७ | १३क | लेखा र लेखा परीक्षण | हटाईएको | ऐनमा सामाजिक सुरक्षा कोषमा रकम जम्मा हुने र समिति बिघटन हुने परिकल्पना गरिएको हुँदा आवश्यक नरहेको। |
| ८ | १३ख | अधिकार प्रत्यायोजन | हटाईएको | ऐनमा सामाजिक सुरक्षा कोषमा रकम जम्मा हुने र समिति बिघटन हुने परिकल्पना गरिएको हुँदा आवश्यक नरहेको। |

| | क) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ | | | |
|---|---|---|---|---|
| क्र.सं | दफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
| १ | २ध | नयाँ | निवृत्तभरण प्राप्त गर्ने उमेर भन्नाले ६० बर्ष उमेर पूरा भएको सम्झनु पर्नेछ । | निवृत्तभरण प्राप्त गर्ने उमेर स्पष्ट पार्नु पर्ने भएकोले । |
| २ | ४(४) | योगदानयोग्य आय भुक्तान गर्नु पर्ने महिना समाप्त भएको पन्ध्र दिनभित्र उपदफा (१) बमोजिमको योगदान कोषमा दाखिला हुने गरी जम्मा गर्नु पर्नेछ । | योगदानयोग्य आय भुक्तान गर्नु पर्ने महिना समाप्त भएको २५ गते भित्रउपदफा (१) बमोजिमको योगदान कोषमा दाखिला हुने गरी जम्मा गर्नु पर्नेछ । | कर कानून संग एकरुपता हुने गरी २५ गते सम्म योगदान रकम जम्मा गर्ने व्यवस्था गर्न उपयुक्त हुने भएकोले । |
| ३ | ८(१) | कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था श्रृजना भई नियमित रुपमा कोषमा जम्मा गर्नु पर्ने योगदान जम्मा गर्न नसक्ने भएमा त्यस्तो श्रमिकको बढीमा तीन महिनासम्म निजले जम्मा गर्नु पर्ने योगदान सम्बन्धित सूचिकृत रोजगारदाताले कोषमा जम्मा गरिदिनु पर्नेछ । | कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था श्रृजना भई नियमित रुपमा कोषमा जम्मा गर्नु पर्ने योगदान जम्मा गर्न नसक्ने भएमा त्यस्तो श्रमिकको कम्तिमा तीन महिनासम्म निजले जम्मा गर्नु पर्ने योगदान सम्बन्धित सूचिकृत रोजगारदाताले कोषमा जम्मा गरिदिनु पर्नेछ । | बढीमा ३ महिना लाइ कम्तिमा ३ महिना बनाउन आवश्यक देखिएकोले । |
| ४ | दफा ९ (१) | **९) योगदान रकम असुली:**<br>(१) सूचीकृत रोजगारदाताले दफा ४ मा उल्लिखित अवधिभित्र योगदान बापतको रकम कोषमा जम्मा नगरेमा योगदान रकमको दश प्रतिशत व्याजसहित योगदान रकम सम्बन्धित रोजगारदाताबाट असूल उपर गर्नेछ । | **९) रकम असुली:**<br>(१) रोजगारदाताले दफा ४ मा उल्लिखित अवधिभित्र योगदान बापतको रकम कोषमा जम्मा नगरेमा वा दफा १७ बमोजिमको आदेशमा उल्लेखित अवधिभित्र रकम भुक्तानी नगरेमा भुक्तानी गर्नु पर्ने रकमको दश प्रतिशत व्याजसहितको रकम सम्बन्धित रोजगारदाताबाट असूल उपर गर्नेछ । | रकम असुली गर्ने कुरालाई थप स्पष्ट गरिएको । |
| ५ | ९(१क) | नयाँ थप | उपदफा (१) बमोजिम असुल गरेको व्याज रकम दफा १२ को उपदफा (१) अनुसारका सम्बन्धित स्किमका खाताहरुमा जम्मा गरिनेछ । | व्याज रकम कहाँ जम्मा हुने स्पष्ट गरिएको । |
| ६ | ९(४) | यस ऐन बमोजिम योगदान रकम नबुझाउने सूचीकृत रोजगारदातालाई त्यस्तो योगदान रकम नबुझाएसम्म देहायको कुनै वा सबै कारबाही गर्न कार्यकारी निर्देशकले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।<br>……………………<br>……… | यस ऐन बमोजिम कोषमा सूचिकरण नगर्ने नगराउने वा योगदान रकम नबुझाउने रोजगारदातालाई देहायका कुनै वा सबै कारबाही गर्न कार्यकारी निर्देशकले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।<br>……………<br>……………… | सूचीकरण गराउने कार्यलाई बाध्यकारी बनाउन परेकोले । |

| | | | | |
|---|---|---|---|---|
| ७ | १४(२) | ......... कसैलाई इच्छाएको भए त्यस्तो इच्छाएको व्यक्तिलाई र निजले कसैलाई इच्छाएको नभएमा निजको आश्रित परिवारलाई त्यस्तो सुविधा भुक्तानी गर्नु पर्नेछ । | ......... कसैलाई इच्छाएको भए त्यस्तो इच्छाएको व्यक्ति वा संस्था वा निकायलाई र निजले कसैलाई इच्छाएको नभएमा निजको आश्रित परिवारलाई त्यस्तो सुविधा भुक्तानी गर्नु पर्नेछ । | संस्था वा निकायलाई समेत ईच्छाउने प्रचलन भएकोले सो समेतलाई सम्बोधन गर्न आवश्यक भएकोले । |
| ८ | १७(१) | ..............रोजगार सम्बन्ध कायम भएको श्रमिकलाइ कोषमा सूचीकरण नगरेमा कोषले त्यस्तो रोजगारदातालाई देहाय बमोजिम आदेश दिन सक्नेछ । | ..............रोजगार सम्बन्ध कायम भएको श्रमिकलाइ कोषमा सूचीकरण नगरेमा वा योगदानकर्ताको योगदान रकम दफा ४ को उपदफा ४ मा निर्धारित समय भित्र जम्मा नगरेमा कार्यकारी निर्देशकले त्यस्तो रोजगारदातालाई देहाय बमोजिम आदेश दिन सक्नेछ । | नियमित योगदान जम्मा गर्ने विषयलाई प्रोत्साहन गर्नका लागि ऐनमा नै स्पष्ट व्यवस्था गर्न जरुरी देखिएकोले । |
| ९ | १७(१)(ग) | ....रोजगार सम्बन्ध कायम रहेको अवधिको श्रमिकले यस ऐन बमोजिम पाउनु पर्ने सुविधा बराबरको रकम तोकिएको अवधिभित्र सम्बन्धित श्रमिकलाई उपलब्ध गराउन । | ....रोजगार सम्बन्ध कायम रहेको अवधिको वा दफा ४ को उपदफा ४ मा निर्धारित समय भित्र जम्मा नगरेको कारणले श्रमिकले यस ऐन बमोजिम पाउनु पर्ने सुविधा बराबरको रकम तोकिएको अवधिभित्र सम्बन्धित श्रमिकलाई उपलब्ध गराउन । | नियमित योगदान जम्मा गर्ने विषयलाई प्रोत्साहन गर्नका लागि ऐनमा नै स्पष्ट व्यवस्था गर्न जरुरी देखिएकोले । |
| १० | २१ | सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको सूचीकरण सम्वन्धि व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ । | सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको सूचीकरण सम्वन्धि व्यवस्था नेपाल सरकार वा सम्वन्धित प्रदेश वा स्थानिय तहले तोके बमोजिम हुनेछ । | संघियताको भावना अनुरुप संशोधन गर्नुपर्ने भएकोले । |
| ११ | २६(१)(घ) | बोनस सम्बन्धी प्रचलित कानून बमोजिम राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा भएको र जम्मा हुन आउने रकम, | बोनस सम्बन्धी प्रचलित कानून बमोजिम राष्ट्रिय स्तरको कल्याणकारी कोष वा सामाजिक सुरक्षा कोषमा जम्मा भएको र जम्मा हुन आउने रकम, | बोनस ऐनको प्रस्तावित संशोधन संग मिलान गरिएको । |
| १२ | २६(२क) | नयाँ थप | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कोषले उपदफा २ बमोजिमको रकमवाट कोषको पूर्वाधार विकास, कर्मचारीको पारिश्रमिक र सुविधा भुक्तानी तथा प्रशासनिक खर्च लगायत अन्य आवश्यक खर्च व्यवस्थापन गर्न सक्नेछ ।<br>तर कोषमा योगदान गर्ने योगदानकर्ताको योगदान र सो मा प्राप्त प्रतिफल वापतको रकम बाट कोषको प्रशासनिक खर्च गर्न मिल्ने छैन । | कोषको श्रोत कानूनमा नै स्पष्ट गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १३ | २६(५) | ........ प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानून बमोजिम वित्तीय कारोवार गर्न इजाजतप्राप्त "क" वर्गको बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ । | ........ प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानून बमोजिम वित्तीय कारोवार गर्न इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ । | प्रतिस्पर्धावाट अधिकतम प्रतिफल सुनिश्चित गर्न सम्पूर्ण बैक तथा बित्तिय संस्थाहरुमा खाता खोल्न सक्ने गरी ऐनमा व्यवस्था गर्न । |
| १४ | २६(६) | उपदफा ५ बमोजिमको खाता सञ्चालन कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ । | उपदफा ५ बमोजिमको खाता सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुख वा लेखा अधिकृतको संयुक्त दस्तखतवाट हुनेछ । | स्कीम भुक्तानीमा सहजताका लागि संकलित योगदान रकमको खाता संचालनमा सहजता बनाउन आवश्यक देखिएकोले । |
| १५ | ३२(१) | नेपाल सरकारबाट स्वीकृत लगानी सम्बन्धी कार्यविधिको अधीनमा रही समितिले कोषको मौज्दात र सम्पत्तिको परिचालन देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा गर्न सक्नेछ :- | मन्त्रालयबाट स्वीकृत लगानी सम्बन्धी कार्यविधिको अधीनमा रही समितिले कोषको मौज्दात र सम्पत्तिको परिचालन देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा गर्न सक्नेछ :- | सामाजिक सुरक्षा योजना संचालन कार्यविधि समेत मन्त्रालयवाट स्वीकृत हुने हुँदा एकरुपता गर्न । |
| १६ | ३२(१)(ख) | प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम वित्तीय कारोवार गर्न इजाजतप्राप्त "क" बर्गको बैंक वा वित्तीय संस्थाको मुद्दती खाता वा दीर्घकालीन प्रकृतिका निक्षेप योजनाहरुमा लगानी गर्ने । | प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम नेपाल राष्ट्र बैंकवाट वित्तीय कारोवार गर्न इजाजतप्राप्त बैंक वा वित्तीय संस्थाको मुद्दती खाता वा दीर्घकालीन प्रकृतिका निक्षेप योजनाहरुमा लगानी गर्ने । | प्रतिस्पर्धी वातावरणलाई अधिकतम उपयोग गरी प्रतिफललाई उच्च गर्नका लागि सबै बैक तथा बित्तिय संस्थाहरुलाई प्रतिस्पर्धा गर्ने वातावरण श्रृजना गर्न । |
| १७ | ३२(२) | उपदफा(१) को खण्ड (ग) बमोजिम शेयरमा लगानी गर्दा सो बैंक वा वित्तीय संस्थाको निष्काशित पूँजीको पन्ध्र प्रतिशतले नबढ्ने गरी र खण्ड (ङ) बमोजिम डिवेञ्चरमा लगानी गर्दा त्यस्तो कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको कुल डिवेञ्चरको दश प्रतिशतमा नबढ्ने गरी गर्नुपर्नेछ । | हटाउने | यो प्रावधान लगानी कार्यविधिमा उल्लेख गर्न उपर्युक्त भएकोले । |
| १८ | ३२(३) | उपदफा (१) बमोजिम कोषको रकम कुनै क्षेत्रमा लगानी गर्दा लगानी कोषमा रहेको रकमको बीस प्रतिशतभन्दा नबढ्ने गरी लगानी गर्नु पर्नेछ । | उपदफा (१) बमोजिम कोषको रकम कुनै क्षेत्रमा लगानी गर्दा लगानी कोषमा रहेको रकम लगानी कार्यविधिमा तोकिए बमोजिम लगानी गर्नु पर्नेछ । | यो प्रावधान लगानी कार्यविधिमा उल्लेख गर्न उपर्युक्त भएकोले । |
| १९ | ४७(१) | ....... अनियमितता गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ । | ....... अनियमितता गरेमा वा नर्धारित समय भित्र सूचिकरण नगरेमा वा काममा रहेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | श्रमिकको कोषमा योगदान रकम जम्मा नगरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ । | |
| २० | ४७ (१क) , (३क) र (३ख) | | (१क) कोषमा सूचीकृत भई योगदान सुरु गर्नु गराउनु पर्ने योगदानकर्ता र रोजगारदाताले ऐन र सो सँग सम्बन्धित नियमावलीको पालना नगरे नगराएमा कसूर गरेको ठहर्ने छ ।<br>(३क) श्रम ऐन, २०७४ तथा यस ऐन बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनु पर्ने रोजगारदाता कोषमा सूचीकरण नभएको वा श्रमिकलाई सूचीकरण नगराएको वा कोषमा योगदान नगरेको अवस्थामा कुनै श्रमिक दुर्घटनामा परी मृत्यु भएमा वा अंगभंग भएमा वा व्यवसायजन्य रोग लागी कुनै प्रकारको दायित्व सिर्जना भएमा कोषमा आबद्ध नभएकै कारणवाट कुनै पनि रोजगारदाताले त्यस्तो दायित्ववाट उन्मुक्ति पाउने छैन । रोजगारदाताले त्यस्तो दायित्व पूरा नगरेको सम्बन्धमा कसैले उजुरी गरेमा कोषले यस ऐन तथा यस ऐन बमोजिम जारी भएको सामाजिक सुरक्षा योजना अनुरुप श्रमिक वा निजको आश्रित परिवारले पाउने सबै सुविधा हिसाब गरी सम्बन्धित श्रमिक वा निजको आश्रित परिवारलाई कोष मार्फत भुक्तानी गर्ने व्यवस्था गर्न आदेश दिन सक्नेछ ।<br>(३ख) उपदफा (३क) बमोजिम दिएको आदेश कुनै रोजगारदाताले पालना नगरेमा कोषले त्यस्तो रकम सम्बन्धित रोजगारदाता प्रतिष्ठान वा सञ्चालकवाट असुल उपर गरी सम्वन्धित पक्षलाई भराई उपदफा (२) बमोजिम सजाय गर्नुपर्नेछ । | कसूरलाई ऐनमा नै थप स्पष्ट गर्न । |
| २१ | ५७ | **सामाजिक सुरक्षा स्वेच्छिक हुने :** यस ऐन बमोजिम सामाजिक सुरक्षा अन्तर्गत प्राप्त हुने कुनै सुविधा कसैले लिन नचाहेमा वा प्राप्त सुविधा छोड्न चाहेमा स्वेच्छिकरुपमा त्यस्तो | हटाउने | स्वेच्छिक हुने भन्ने प्रावधानले द्विविधा हुने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | सुविधा नलिना वा छाड्न सक्नेछ । | | |
| २२ | ५९क, | नयाँ थप | **<u>दफा (५९क) नेपालवाट बैदेशिक रोजगारी जाने श्रमिकहरुको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाः</u>** नेपालवाट बैदेशिक रोजगारीमा जाने श्रमिकहरुलाई तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ । | बैदेशिक रोजगारीमा रहेका श्रमिकहरुलाइ समेत सामाजिक सुरक्षामा आवद्ध गर्न दफाहरु थप गरिएको । |
| २३ | ५९ख | नयाँ थप | **दफा (५९ख) रकम हस्तान्तरण हुन सक्नेः** (१) सामाजिक सुरक्षा कोषमा योगदान गरी रहेको श्रमिकले अन्य अवकाश कोषमा योगदान गर्नु पर्ने गरी सरकारी सेवा प्रवेश गरेमा सम्बन्धित श्रमिकले चाहेमा सामाजिक सुरक्षा कोषमा जम्मा गरेको बृद्ध अवस्था सुरक्षा योजना अन्तरगतको रकम कोषमा रहिरहन वा सम्बन्धित श्रमिकले भुक्तानि लिन सक्नेछ ।<br>(२) सामाजिक सुरक्षा कोषमा आबद्ध भै योगदान गर्न शुरु गरेको श्रमिकले यस पुर्व सञ्चयकोष वा नागरिक लगानी कोष वा अन्य अबकाश कोषमा जम्मा भएको रकम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न चाहेमा कोषले त्यस्तो रकम हस्तान्तरण गरी लिन सक्नेछ ।<br>(३) यस दफा बमोजिम रकम हस्तान्तरण गर्दा सम्बन्धित श्रमिकले कर्जा वा सापटी लिएको रहेछ भने सो कर्जा वा सापटी सम्वन्धि दायित्व समेत हस्तान्तरण हुनेछ ।<br>(४) रकम तथा कर्जा सम्बन्धी अन्य व्यबस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ | श्रमिकको जागिर अवधिमा विभिन्न अवकाश कोषको क्षेत्राधिकार परिवर्तन हुँदा सो पुर्व जम्मा भएको रकम सम्बन्धमा स्पस्ट गर्न आवश्यक भएको । |
| २४ | ६४(२) | नयाँ थप | उपदफा १ मा उल्लेखित बिषयले श्रम ऐन बमोजिम सामुहिक सौदाबाजी गर्न बाधा परेको मानिने छैन | सामुहिक सौदावाजीका सन्दर्भमा द्विविधा भएकोले थप स्पष्ट गर्न । |
| २५ | ६७ | यस ऐन बमोजिमको सामाजिक सुरुक्षा कोषले कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिमको कोषले पाए सरहको छुट र सुविधा पाउनेछ । | <u>दफा ६७</u> (१) कोषको आयमा र लगानीवाट प्राप्त प्रतिफलमा कुनै कर लाग्ने छैन ।<br>(२) अन्य छुट तथा सुविधाहरु कर्मचारी सञ्चयकोष ऐन, २०१९ बमोजिम स्थापना भएको सञ्चयकोषले पाए सरह हुनेछ । | कोषले पाउने छुट र सुविधाका सन्दर्भमा थप स्पष्ट गर्न । |

| | ख) श्रम ऐन २०७४ | | | |
|---|---|---|---|---|
| क्र.सं | दफा | बिद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
| १ | २ (ञ) | प्रतिष्ठान भन्नाले मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा संघ वा अन्य संस्था सम्झनु पर्दछ । | प्रतिष्ठान भन्नाले मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, बैक तथा वित्तीय संस्था, सहकारी संस्था वा संघ वा अन्य संस्था सम्झनु पर्दछ । यो शब्दले नेपाल सरकारका कुनै पनि निकायमा दर्ता भएका वा संचालनका लागि अनुमति लिएका सबै प्रकारका प्रतिष्ठानलाइ समेत जनाउछ । | प्रतिष्ठानको परिभाषालाई थप स्पष्ट गर्न । |
| २ | १८ (३) | यस दफा बमोजिम तालिमीको रुपमा काममा लगाइएको व्यक्तिलाई रोजगारदाताले कम्तीमा न्यूनतम पारिश्रमिक, बिरामी विदा तथा उपदान, सञ्चयकोष, बिमा लगायतका सामाजिक सुरक्षामा कमी नहुने गरी सुविधा दिनु पर्नेछ । | यस दफा बमोजिम तालिमीको रुपमा काममा लगाइएको व्यक्तिलाई रोजगारदाताले कम्तीमा न्यूनतम पारिश्रमिक, बिरामी विदा र सामाजिक सुरक्षा कोषले तोकेको योगदानमा कमी नहुने गरी सुविधा दिनु पर्नेछ । | सामाजिक सुरक्षालाई थप सुनिश्चित गर्न । |
| ३ | २१ | एकभन्दा बढी रोजगारदातासँग आंशिक समयको लागि काम गर्ने श्रमिकको हकमा निज कार्यरत प्रत्येक रोजगारदाताले त्यस्तो श्रमिकले पाउने आधारभूत पारिश्रमिकको आधारमा उपदान, सञ्चयकोष वा सामाजिक सुरक्षा सम्बन्धी अन्य सुविधा बापतको योगदान गर्नु पर्नेछ । | एकभन्दा बढी रोजगारदातासँग आंशिक समयको लागि काम गर्ने श्रमिकको हकमा निज कार्यरत प्रत्येक रोजगारदाताले त्यस्तो श्रमिकले पाउने आधारभूत पारिश्रमिकको आधारमा सामाजिक सुरक्षा बापतको योगदान गर्नु पर्नेछ । | सामाजिक सुरक्षामा नै योगदान गर्नु पर्ने विषयलाई थप स्पष्ट गर्न । |
| ४ | ५२(३) | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो सञ्चय कोषको रकम रोजगारदाताले तोकिए बमोजिम हुने गरी जम्मा गर्नु पर्नेछः-<br>(क) सामाजिक सुरक्षा कोष स्थापना भई सञ्चालनमा नआएसम्म, वा<br>(ख) सम्बन्धित रोजगारदातको हकमा सामाजिक सुरक्षा कोष | हटाउने | सामाजिक सुरक्षा कोष संचालनमा आइसकेकोले साबिकको व्यवस्था आवश्यक नरहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धी कानून लागू नभएसम्म। | | |
| ५ | ५२(५) | यो ऐन प्रारम्भ हुँदाको बखत प्रचलित कानून बमोजिम स्थापित कोष वा त्यस्तै अन्य कुनै कोषमा सञ्चित वा रोजगारदाताको जिम्मामा रहेको सञ्चय कोष वापतको रकम यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्नु पर्नेछ । | यो ऐन प्रारम्भ हुँदाको बखत प्रचलित कानून बमोजिम स्थापित कोष वा त्यस्तै अन्य कुनै कोषमा सञ्चित वा रोजगारदाताको जिम्मामा रहेको सञ्चय कोष वापतको रकम योगदानकर्ताले सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न वा भुक्तानी लिन वा पुर्ववत रुपमा नै राख्न सक्नेछ । | पुरानो रकम कोषमा नै ल्याउनु पर्ने प्रावधानले साबिकका दायित्वहरु फरफारकमा समस्या परेको । |
| ६ | ५२ (६) | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चचय कोष वापतको रकम कुनै कारणले उपदफा (२) वा (३) बमोजिम जम्मा गर्न नसकिने भएमा रोजगारदाताले त्यस्तो श्रमिकको आधारभुत पारिश्रमिकको दश प्रतिशत रकम थप गरी भुक्तानी दिनु पर्नेछ । | हटाउने | सामाजिक सुरक्षा कोष संचालनमा आइसकेकोले साविकको व्यवस्था आवश्यक नरहेको । |
| ७ | ५३ (३) | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो सञ्चय कोषको रकम रोजगारदाताले तोकिए बमोजिम हुने गरी जम्मा गर्नु पर्नेछः-<br>(क) सामाजिक सुरक्षा कोष स्थापना भई सञ्चालनमा नआएसम्म,वा<br>( ख ) सम्बन्धित रोजगारदातको हकमा सामाजिक सुरक्षा कोष सम्बन्धी कानून लागू नभएसम्म। | हटाउने | सामाजिक सुरक्षा कोष संचालनमा आइसकेकोले साविकको व्यवस्था आवश्यक नरहेको । |
| ८ | ५३ (५) | यो ऐन प्रारम्भ हुँदाको बखत कानून बमोजिम स्थापित कोष वा त्यस्तै अन्य कुनै कोषमा सञ्चित वा रोजगारदाताको जिम्मामा रहेको उपदान वापतको रकम यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्नु पर्नेछ । | यो ऐन प्रारम्भ हुँदाको बखत प्रचलित कानून बमोजिम स्थापित कोष वा त्यस्तै अन्य कुनै कोषमा सञ्चित वा रोजगारदाताको जिम्मामा रहेको उपदान वापतको रकम योगदानकर्ताले सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न वा भुक्तानी लिन वा पुर्ववत रुपमा नै राख्न सक्नेछ । | पुरानो रकम कोषमा नै ल्याउनु पर्ने प्रावधानले साबिकका दायित्वहरु फरफारकमा समस्या परेको । |

| | | | | |
|---|---|---|---|---|
| ९ | ५३ (६) | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदान वापतको रकम कुनै कारणले उपदफा (२) वा (३) बमोजिम जम्मा गर्न नसकिने भएमा रोजगारदाताले त्यस्तो श्रमिकको आधारभुत पारिश्रमिकको आठ दशमलव तेत्तीस प्रतिशत रकम थप गरी श्रमिमलाई भुक्तानी दिनु पर्नेछ । | हटाउने | सामाजिक सुरक्षा कोष संचालनमा आइसकेकोले साविकको व्यवस्था आवश्यक नरहेको । |
| १० | ५७ | **सामाजिक सुरक्षा योजना बमोजिम हुने:** सामाजिक सुरक्षा कोष सम्बन्धि कानून बमोजिम सञ्चय कोष, उपदान, औषधि उपचार बीमा समेत सुविधा पाउने गरी सामाजिक सुरक्षा योजनामा योगदान गर्ने रोजगारदाता वा श्रमिकले योगदान गरेको हदसम्म यस परिच्छेद बमोजिम थप योगदान वा बीमा गर्नु पर्ने छैन । | **सामाजिक सुरक्षा योजना बमोजिम हुने:** (१) यस परिच्छेद बमोजिमको सञ्चय कोष, उपदान, औषधि उपचार बीमा र दुर्घटना बीमा वापतको बिमा शुल्क समेत सामाजिक सुरक्षा कोषमा कोषले निर्धारण गरेको दर बमोजिम जम्मा गर्नु पर्नेछ ।<br>(२) यसरी जम्मा भएको रकमवाट सामाजिक सुरक्षा कोष सम्बन्धी कानून अनुसार कोषले संचालन गरेको योजना बमोजिम सुविधा भुक्तानी गर्न बाधा पर्ने छैन ।<br>(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि दफा ५३ भन्दा बढीको दरले उपदान वापतको सुविधा भुक्तानी गरिरहेका प्रतिष्ठानको हकमा उक्त दफा बमोजिमको उपदान वापतको रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरी उपदान वापतको अन्य रकम सामाजिक सुरक्षा कोषमा वा अन्य स्वीकृत प्राप्त अवकाश कोषमा जम्मा गर्न बाधा पर्नेछैन । | थप स्पष्ट गरिएको । |
| ११ | १०० (२) | उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यालय वा निरीक्षकले यस परिच्छेद बमोजिम निरीक्षण गर्दा वा माग गरेका बखत कार्यालय वा निरीक्षकलाई उपलब्ध गराउनु पर्नेछ । | उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यालय वा निरीक्षकले यस परिच्छेद बमोजिम निरीक्षण गर्दा वा माग गरेका बखत कार्यालय वा निरीक्षकलाई र माग गरेका वखत सामाजिक सुरक्षा कोषलाई समेत उपलब्ध गराउनु पर्नेछ । | सामाजिक सुरक्षा कार्यान्वयन भए नभएको सम्बन्धमा कोषलाई समेत श्रम अडिट प्रतिवेदन आवश्यक हुने भएकोले। |
| १२ | १४३क | थप गर्ने | **सामाजिक सुरक्षा कोषमा आवद्ध नभएमा रोजगारी अन्त्य गर्न सकिने:** कुनै श्रमिक ऐन बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध हुन नमानेमा रोजगारदाताले त्यस्तो श्रमिकको | सामाजिक सुरक्षा कोषलाई थप सबल बनाउन थप गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | रोजगारीको अन्त्य गर्न सक्नेछ । | |
| १३ | १४७ | नियमित रोजगारीमा रहेको श्रमिकले ५८(अन्ठाउन्न) बर्षको उमेर पुरा भएपछि रोजगारीवाट अनिवार्य अवकास पाउनेछ ।<br>तर................ | नियमित रोजगारीमा रहेको श्रमिकले साठि बर्षको उमेर पुरा भएपछि रोजगारीवाट अनिवार्य अवकास पाउनेछ ।<br>तर......................... | योगदानमा आधारित सामाजिक सुरक्षा २०७४ बमोजिम एकरुपता वनाउन आवश्यक भएको । |
| १४ | १८०(१) | देहायको विषयमा देहाय बमोजिम हुनेछ ।<br>............................ | देहायको विषय वा क्षेत्र मा देहाय बमोजिम हुनेछ भने अन्य सम्पूर्ण विषय वा क्षेत्रमा यो ऐन लागु हुनेछ ।<br>............................................. | |
| | १८० (२) | (२) विशेष कानूनद्वारा गठन हुने सेवा र विशेष आर्थिक क्षेत्रको हकमा प्रचलित नेपाल कानूनमा नै सेवाका शर्त र सुविधाहरु उल्लेख भएको रहेछ भने त्यस्तो सेवामा सोही बमोजिम हुनेछ । | (२) विशेष आर्थिक क्षेत्रको हकमा बिशेष आर्थिक क्षेत्र ऐन २०७३ बमोजिम हुनेछ । | बिशेष आर्थिक क्षेत्रका हकमा सोही ऐन बमोजिम हुने बिषय थप स्पष्ट गर्न । |
| १५ | १८० (३) | (३) कुनै श्रमिकको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा प्रचलित नेपाल कानूनमा कुनै व्यवस्था नभएमा त्यस्तो श्रमिकको पारिश्रमिक सेवाका शर्त र सुविधाको हकमा यो ऐनको व्यवस्था स्वत: लागु हुनेछ । | हटाउने | श्रम ऐन लागु हुने क्षेत्रका सम्बन्धमा द्विविधा उत्पन्न हुने भएकोले । |
| | १८० (६) | थप | उपदफा २ र ५ मा जुनसुकै कुरा लेखिएको भए पनि यस ऐनको परिच्छेद १० भने लागू हुनेछ । | |

| | **ग) बोनस ऐन, २०३०** | | | |
|---|---|---|---|---|
| क्र.सं | दफा | बिद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
| १ | २ (छ१) | थप | "सामाजिक सुरक्षा कोष" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापित सामाजिक सुरक्षा कोष सम्झनु पर्नेछ । | सामाजिक सुरक्षा कोषको परिभाषा थप गरिएको । |
| २ | १३ को उपदफा | <u>**कल्याणकारी कोष :**</u> (१) दफा ५ बमोजिम बोनस बापत छुट्याइएको | <u>**कल्याणकारी कोष र सामाजिक सुरक्षा कोष :**</u> (१) दफा ५ बमोजिम बोनस बापत | बोनस वितरण पछि बाँकी रहेको रकम सामाजिक सुरक्षा |

| | | | | |
|---|---|---|---|---|
| | १ र १क | रकम मध्येवाट बोनस बितरण गरेपछि बाँकी रहन आएको रकम मध्ये सत्तरी प्रतिशत रकम प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा र बाँकी तीस प्रतिशत प्रतिष्ठानको कर्मचारी हकहितको लागि व्यवस्था गर्न नेपाल सरकारले खडा गरेको राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गरिने छ । (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले दफा (५) बमोजिम बोनस वापत छुट्याएको रकम मध्येवाट बोनस वितरण गरेपछि बाँकी रहन आएको रकम मध्ये बीस प्रतिशत रकम प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा र बाँकी असी प्रतिशत रकम प्रतिष्ठानको हक हितको लागि व्यवस्था गर्न नेपाल सरकारले खडा गरेको राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गर्नु पर्नेछ । | छुट्याइएको रकम मध्येवाट बोनस बितरण गरेपछि बाँकी रहन आएको रकम मध्ये सत्तरी प्रतिशत रकम प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा र बाँकी तीस प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ । (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले दफा (५) बमोजिम बोनस वापत छुट्याएको रकम मध्येवाट बोनस वितरण गरेपछि बाँकी रहन आएको रकम मध्ये बीस प्रतिशत रकम प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा र बाँकी असी प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ । | कोषमा सिधै जम्मा गर्ने व्यवस्था गर्न आवश्यक भएकोले । |
| ३ | १३ (३) | थप | (३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि श्रम ऐन लागु हुने क्षेत्रका प्रतिष्ठानले सामाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा नगरेको आर्थिक वर्षको ऐनको दफा ५ बमोजिम छुट्याईएको बोनस वापतको सम्पूर्ण रकम नै सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ । | सामाजिक सुरक्षा कोषलाई थप प्रभावकारी बनाउन । |
| ४ | १४ | बोनस वितरण गर्ने काम समाप्त भएको सात दिनभित्र प्रत्येक कारखाना र प्रतिष्ठानको व्यवस्थापकले तोकिए बमोजिमको ढाँचाको फारममा श्रम कार्यालयमा विवरण पठाउनु पर्छ । | बोनस वितरण गर्ने काम समाप्त भएको सात दिनभित्र प्रत्येक कारखाना र प्रतिष्ठानको व्यवस्थापकले तोकिए बमोजिमको ढाचाको फारममा श्रम कार्यालय र एक महिना भित्र विवरण सहितको रकम सामाजिक सुरक्षा कोषमा विवरण पठाउनु पर्छ । | बोनस वितरण पछि बाँकी रहेको रकम समयमा नै सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने विषय सुनिश्चित गर्न । |